आज मिति २०८२ साल जेठ १३ गते मंगलबारका दिन बिहान ९:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय वमोजिमका निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कर्णदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री विमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | अमृता |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | तुलाराम |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | हिरालाल |
| १५ | श्री खुम वहादुर के सी | सचिव | |

आमन्त्रित

श्री सन्तोष सापकोटा

श्री लक्ष्मी चन्द्र बनाल

लेखापाल

कृषि अधिकृत

CamScanner

मिति २०८२/०२/१३ गतेको कार्यपालिकाको १६१ औं बैठकमा पेस भएका प्रस्तावहरु

| क्र.स. | प्रस्ताव | निर्णय गर्नुपर्ने प्रस्तावको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | आ.ब. ०८२/०८३ का लागि टोल तथा बस्तिस्तरिय योजना छनोट गर्ने सम्बन्धमा । | आ.ब. ०८२/०८३ का लागि टोल तथा बस्ति स्तरिय योजना छनोट गर्ने सम्बन्धमा । | |
| २ | आ.ब. ०८२/०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा सूझाव संकलनका लागि कार्यशाला सञ्चालन गर्ने सम्बन्धमा । | आ.ब. ०८२/०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा सूझाव संकलनका लागि पालिकास्तरिय कार्यशाला सञ्चालन गर्ने सम्वन्धमा । | |
| ३ | लोकसेवा आयोगको कार्यालय सुर्खेतबाट बढुवा भई यस गाउँपालिकामा सिफारिस भई आउनु भएका कृषि विकास अधिकृत सातौ हेमराज के.सी. लाई नियुक्ति प्रदान गर्ने सम्बन्धमा । | कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बढुवा समितिको सचिवालय वीरेन्द्रनगर सुर्खेतले स्थानीय सेवा ( गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३८ को उपदफा (१) बमोजिम मिति २०८२/०१/१४ गतेदेखि ज्येष्ठता कायम हुनेगरी बढुवा नियुक्तिका लागि मिति २०८२/०२/०१ गतेको मितिमा सिफारिस गरीएका कृषि विकास अधिकृत सातौं हेमराज के.सी. (क.स.नं. २१३४६९) लाई स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०८१ को दफा (१५) को उपदफा (१) बमोजिम नियुक्ति प्रदान गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ४ | किसान पहिचान र वर्गीकरण सम्वन्धमा । | यस गाउँपालिकाले किसान सूचिकरण कार्यक्रम अन्तरगत वडा नं. १ देखि ६ का २७१९ जना कृषकहरुको विवरण संकलन गरी वडा समितिबाट प्रमाणिकरण भई पेस गरेको हुँदा उक्त विवरण अनुसार कृषकलाई परिचयपत्र वितरण गर्नको लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावलीको अनुसूची ५ बमोजिम कृषक वर्गीकरण गर्नको लागि संघिय कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई अनुरोध गर्ने । | |
| ५ | विविध सम्वन्धमा । | वाटुलेजिउला कैलेजिउला खानेपानी आयोजना त्रिवेणी ५ सल्यानमा संघीय खानेपानी तथा ढल व्यवस्थापन योजना विरेन्द्रनगर सुर्खेतबाट आ.ब. २०८१/८२ मा रकम विनियोजन भएकोले उक्त विनियोजन रकममा कार्य गर्नको लागि वाटुलेजिउला कैलेजिउला खानेपानी आयोजनाको उपभोक्ता समिति गठन भई कार्य सुचारु गर्नको लागि सिफारिस माग गरेको हुँदा यस | |

प्रमाणित [signature] २०८२/०२/१३

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | गाउँपालिकाबाट उक्त आयोजनामा यस आ.व. मा बजेट विनियोजन नभएकोले दोहोरो नपरेको व्यहोरा सिफारिस गर्ने । | |

प्रमाणित

२०८१।०२।१३

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णयहरु

निर्णय नं. -१. प्रस्ताव नं.१ माथी छलफल गर्दा, आ.ब. ०८२/०८३ का लागि सबै वडाले टोल तथा बस्ति स्तरिय योजना छनोट मिति २०८२/०२/१६ देखि सुरुवात गरी २०८२/०२/२८ भित्रमा कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. -२. प्रस्ताव नं.२ माथी छलफल गर्दा, आ.ब. ०८२/०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा सूझाब संकलनका लागि पालिकास्तरिय कार्यशाला गोष्ठी मिति २०८२/०२/३० गतेका दिन सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. -३. प्रस्ताव नं.३ माथी छलफल गर्दा, कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बढुवा समितिको सचिवालय वीरेन्द्रनगर सुर्खेतले स्थानीय सेवा ( गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३८ को उपदफा (१) बमोजिम मिति २०८२/०१/१४ गतेदेखि ज्येष्ठता कायम हुनेगरी बढुवा नियुक्तिका लागि मिति २०८२/०२/०१ गतेको मितिमा सिफारिस गरीएका कृषि विकास अधिकृत सातौ तह हेमराज के.सी. (क.स.नं. २१३४६९) लाई स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०८१ को दफा (१५) को उपदफा (१) बमोजिम नियुक्ति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. -४. प्रस्ताव नं.४ माथी छलफल गर्दा, यस गाउँपालिकाले किसान सूचिकरण कार्यक्रम अन्तरगत वडा नं. १ देखि ६ का २७१९ जना कृषकहरुको विवरण संकलन गरी वडा समितिबाट प्रमाणिकरण भई पेस गरेको हुँदा उक्त विवरण अनुसार कृषकलाई परिचयपत्र वितरण गर्नको लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्वन्धी नियमावलीको अनुसूची (५) बमोजिम कृषक वर्गीकरण गर्नको लागि संघिय कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. -५. प्रस्ताव नं.५ मा विविध विषय अन्तर्गत तपशिल वमोजिमका निर्णय गरियो ।

1) बाटुलेजिउला कैलेजिउला खानेपानी आयोजना त्रिवेणी ५ सल्यानमा संघीय खानेपानी तथा ढल व्यवस्थापन योजना विरेन्द्रनगर सुर्खेतबाट आ.ब. २०८१/८२ मा रकम विनियोजन भएकोले उक्त विनियोजित रकममा कार्य गर्नको लागि बाटुलेजिउला कैलेजिउला खानेपानी आयोजनाको उपभोक्ता समिति गठन भई कार्य सुचारु गर्नको लागि सिफारिस माग गरेको हुँदा यस गाउँपालिकाबाट उक्त आयोजनामा यस आ.ब. मा बजेट विनियोजन नभएकोले दोहोरो नपरेको साथै उक्त आयोजनामा कुनै पनि विवाद नभएको हुँदा यथासिघ्र निर्माण कार्य अगाडि वढाउन अनुरोध गर्ने निर्णय गरियो ।
2) वडा नं. ४ अवस्थित पम्फा बुढाको घरमा चटयाङ परी विद्युत मिटरबक्स, तथा विद्युत वाइरिङ तथा उपकरणमा क्षति भएको हुँदा निजलाई राहत स्वरुप अक्षरुपि दश हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

प्रमाणित

२०८२/०२/१६

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
एक्राम, सल्यान
कर्णाली प्रदेश, नेपाल

३) कृषि विकास शाखाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बाली वस्तु ढुवानी कार्यक्रम (वर्षे तथा हिउँदे आलुमा बीउ ढुवानी तथा तरकारी तथा फलफूल उत्पादन स्थलदेखि हाटबजार स्थलसम्म) सञ्चालन गर्न मिति २०८१/०१/०९ गते प्रकाशित सूचनाका आधारमा श्री उपहार सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड मात्रले प्रस्ताव पेश गरेको हुँदा सो सहकारी संस्थामार्फत तरकारी ढुवानी गर्दा कम्तिमा ५०० के जी भन्दा बढी ढुवानी गरेको तथ्याकं तथा उत्पादन स्थलदेखी हाटबजार स्थलसम्म ढुवानी गरिएको तरकारीको प्रमाणित विल भरपाईको आधारमा कुल ढुवानी लागतको २५ प्रतिशतदेखि बढिमा ३० प्रतिशत वा बढीमा रु. ७००००(अक्षरुपि सत्तरी हजार रुपैयाँ मात्र) सम्म अनुदान दिने निर्णय गरियो ।

प्रमाणित

२०८१/०२/१३

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत